# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ९ | जेठ २०८२ | मे-जुन २०२५


## नेपाल राष्ट्र बैंक ७० औं वर्षमा प्रवेश

# आन्तरिक अर्थतन्त्र लयमा फर्कंदै गर्दा चुनौती कायमै : का.मु. गभर्नर डा. तिम्सिना

नेपाल राष्ट्र बैंक स्थापनाको ६९ वर्ष पूरा गरी ७० औं वर्षमा प्रवेश गरेको छ। सो अवसरमा वैशाख १४ गते बैंकप्राङ्गण बालुवाटारमा विशेष समारोह सम्पन्न भयो। का.मु.गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले उक्त समारोहको उद्घाटन गर्नुभएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै का.मु.गभर्नर डा.तिम्सिनाले अर्थतन्त्र बिस्तारै लयमा आउन थालेकोले आर्थिक गतिविधि चलायमान हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "मुद्रास्फीति लक्षित सीमाभित्रै रहेको छ भने आयात तथा निर्यात व्यापारमा सुधार भएको छ। बैंकिङ क्षेत्रबाट प्रवाहित कर्जा बिस्तारले समेत गति लिन थालेको छ। पछिल्लो समय भएका कानुनी सुधारले लगानीको वातावरण सहज बनाएको छ। यसले समग्र आर्थिक गतिविधिलाई थप चलायमान बनाउने अपेक्षा छ।"



का.मु. गभर्नर डा. तिम्सिनाले उच्च तरलता एवम् न्यून ब्याजदरका बाबजुद निजी क्षेत्रतर्फ कर्जा प्रवाह र आन्तरिक मागमा अपेक्षित सुधार नआएको तथा पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसक्नु र परियोजना समयमै सम्पन्न हुन नसक्नु जस्ता चुनौती कायमै रहेको बताउनु भयो। सम्बोधनका क्रममा का.मु. गभर्नर डा. तिम्सिनाले चालु आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकबाट भएका महत्वपूर्ण कार्यसम्पादनको विवरणसमेत प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै डेपुटी गभर्नर बमबहादुर मिश्रले आन्तरिक माग, कर्जा विस्तार र न्यून आर्थिक वृद्धिमा बिस्तारै सुधार हुन थालेको तथा मुद्रास्फीति र ब्याजदरमा उल्लेखनीय कमी आएको साथै देशको बाह्य क्षेत्र सुदृढ बन्दै गएको बताउनुभयो। उहाँले वित्तीय क्षेत्रको खराब कर्जा बढ्दै गएको भए तापनि पुँजी पर्याप्तता, तरलतालगायतका वित्तीय स्थायित्व परिसूचकहरू नियामकीय न्यूनतम स्तरभन्दा माथि नै रहेको धारणा व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपालको आर्थिक, वित्तीय, मौद्रिक तथा व्यवस्थापकीय क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीलाई सम्मान गरिएको थियो। का.मु. गभर्नर तिम्सिनाले उहाँलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो। सो अवसरमा पूर्व गभर्नर क्षेत्रीले विश्व र नेपाली अर्थतन्त्रका परिसूचकबारे चर्चा गर्दै समग्र वित्तीय स्थायित्व कायम गर्न नेपाल राष्ट्र बैंकले खेल्नुपर्ने भूमिकाबारे धारणा व्यक्त गर्नुभएको थियो।

सो अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घका अध्यक्ष गीता पोखरेल लम्साल, नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष हरिकृष्ण भट्टराई, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष कृष्ण केसी र नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी सङ्घका अध्यक्ष अश्विनीकुमार ठाकुरले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा बैंकमा २० वर्ष सेवा अवधि पूरा गरेका छ जना कर्मचारीलाई 'बीस वर्षे सेवा उपहार' प्रदान गरिएको थियो। यसरी उपहार पाउनेमा भुक्तानी प्रणाली विभागका निर्देशक शुभाषचन्द्र घिमिरे, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक देवेन्द्र गौतम, वित्त व्यवस्थापन विभागका निर्देशक राजनदेव भट्टराई, लघुवित्त संस्था सुपरिवेक्षण विभागका निर्देशक विज्ञानराज सुवेदी, बैंकिङ विभागका निर्देशक विनोदराज लेखक र आन्तरिक लेखापरीक्षण विभागका निर्देशक

अजित रेग्मी हुनुहुन्छ । कार्यक्रममा पदक प्राप्त गर्ने कर्मचारीहरू मध्येबाट भुक्तानी प्रणाली विभागका निर्देशक शुभाषचन्द्र घिमिरले मन्तव्य राख्नुभएको थियो ।

वार्षिकोत्सवमा बैंकले विभिन्न विभाग/कार्यालयका पाँच जना कर्मचारीलाई 'नेपाल राष्ट्र बैंक सेवा पुरस्कार' प्रदान गरेको छ । भुक्तानी प्रणाली विभागका उप-निर्देशक नन्दकुमार ढकाललाई 'नेपाल राष्ट्र बैंक सर्वोत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको छ । यसै गरी, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक प्रियंका बस्त्यात, धनगढी कार्यालयका सहायक निर्देशक भोजराज भट्ट, मुद्रा व्यवस्थापन विभागका प्रधान सहायक पूर्णप्रसाद भण्डारी र सूचना प्रविधि विभागका सहायक (सू.प्र) नरेश मण्डललाई 'नेपाल राष्ट्र बैंक उत्कृष्ट सेवा पुरस्कार' प्रदान गरिएको थियो ।

यसै गरी, गभर्नरको कार्यालयद्वारा आयोजित 'आर्थिक लेख प्रतियोगिता' मा प्रथम, द्वितीय र तृतीय भएका कर्मचारीहरूलाई पुरस्कारसहित प्रशंसापत्र प्रदान गरिएको थियो । प्रतियोगितामा विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक सोमराज नेपाली र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक प्रदीपराज काफ्लेले प्रथम स्थान हासिल गर्नुभयो भने बैंकिङ विभागका उप-निर्देशक टीकाराम तिमिल्सिना द्वितीय तथा जनकपुर कार्यालयका सहायक निर्देशक अनिलकुमार झाले तृतीय स्थान हासिल गर्नुभएको थियो ।

कार्यक्रममा पूर्व गभर्नरहरू डा. भेषबहादुर थापा, गणेशबहादुर थापा, तिलकबहादुर रावल, दीपेन्द्र पुरुष ढकाल, दीपेन्द्रबहादुर क्षेत्री, र महाप्रसाद अधिकारी, बैंकका सञ्चालकहरू चिन्तामणि शिवाकोटी, डा. शङ्करप्रसाद आचार्य र डा. रवीन्द्रप्रसाद पाण्डे, पूर्व डेपुटी गभर्नरहरू, विभिन्न नियामक निकायका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, बैंकका उच्च अधिकारी र कर्मचारी, पूर्व कर्मचारीलगायतको उपस्थिति थियो । गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■











# वार्षिकोत्सवका अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप सम्पन्न



बैंकको ७० औं वार्षिकोत्सवको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप तथा खेलकुद कार्यक्रमहरू सम्पन्न भएका छन् । ७० औं वार्षिकोत्सव मूल समारोह समितिको संयोजनमा उक्त कार्यक्रम सम्पन्न भएको हो । वैशाख १२ गते आयोजित कार्यक्रममा का.मु.गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना र डेपुटी गभर्नर बमबहादुर मिश्रले प्रमाणपत्र, पदक/मेडल र नगद पुरस्कार प्रदान गर्नुभयो ।

खेलकुदअन्तर्गत अन्तरविभागीय फुटसल प्रतियोगितामा बैंक सुपरिवेक्षण विभाग, सूचना प्रविधि विभाग र वित्तीय संस्था सुपरिवेक्षण विभागले क्रमशः प्रथम, द्वितीय, तृतीय स्थान हासिल गरेका छन् । उक्त अवसरमा आयोजित ब्याडमिन्टन प्रतियोगिताअन्तर्गत एक्जुकेटिभ सिङ्गल्सतर्फ डा. राजनकृष्ण पन्त र दीर्घबहादुर रावलले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभएको थियो भने ऋषिकेश भट्ट र सत्येन्द्रराज सुवेदीले तृतीय स्थान प्राप्त गर्नुभएको थियो । यसै गरी, भेट्रान डलब्सतर्फ झङ्कनाथ ढकाल र बबि के.सीको जोडी प्रथम, ऋषिकेश भट्ट र दीर्घबहादुर रावलको जोडीले द्वितीय स्थान हासिल गर्नुभयो भने सत्येन्द्रराज सुवेदी र हरिकृष्ण भट्टराईको जोडी तथा विमलराज खनाल र विष्णुप्रसाद फुँयालको जोडीले तृतीय स्थान प्राप्त गर्नुभएको थियो । यही क्रममा पुरुष सिङ्गल्समा धनबहादुर तामाङ, कालु तामाङले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभएको थियो भने प्रकाश पोखेल र ताराबहादुर बलायर तृतीय हुनुभएको थियो ।

यस्तै, महिला सिङ्गल्सतर्फ अमृता श्रेष्ठ प्रथम र रविना भट्ट द्वितीय हुनुभएको थियो भने तृतीय स्थानमा निरा ताल्चाभडेल र सृजना श्रेष्ठ रहनुभएको थियो । पुरुष डबल्सतर्फ डा. राजन कृष्ण पन्त र बबि के.सीको जोडीले प्रथम, प्रकाश पोखेल र सुजन पोखरेलको जोडीले द्वितीय स्थान हासिल गर्नुभएको थियो भने रामशरण कार्की र वीरबहादुर तामाङको जोडी तथा रमेश सारु र बिमल के.सीको जोडी







तृतीय स्थानमा रहनुभएको थियो । महिला डबल्सतर्फ रविना भट्ट र अमृता श्रेष्ठको जोडी प्रथम, नीरा ताल्चाभडेल र कृति राजभण्डारीको जोडीले द्वितीय स्थान हासिल गर्नुभयो भने मनिसा कुवँर र इक्षा श्रेष्ठको जोडी तथा शान्ता गिरी र सुप्रिमा पौडेलको जोडीले तृतीय स्थान प्राप्त गर्नुभयो ।

सोही सिलसिलामा कर्मचारीका सन्ततीको सहभागितामा 'बाल चित्रकला प्रतियोगिता' सम्पन्न भएको थियो । यस प्रतियोगिताअन्तर्गत कक्षा-१ सम्मको समूहतर्फ प्रारब्धी भट्टराई प्रथम, एलेक्स लामा द्वितीय, अपूर्व सिग्देल तृतीय र आर्यिका पण्डितले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा २-४ समूहतर्फ पयोजा नेपाल, सद्भाव थापा, श्रेयान्स न्यौपाने र आयुसा दाहालले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्नुभयो ।



यस्तै, कक्षा ५-७ समूहमा आस्था शर्मा प्रथम र अथर्व पौडेल द्वितीय हुनुभयो भने सान्वी बास्तोला र अथर्व नेपालले क्रमशः तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा ८-१० समूहतर्फ आईशा सुनुवार प्रथम, निजोनप्रसाद शाह द्वितीय तथा अनुजा कोइराला र यारा श्रेष्ठले तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो ।

वार्षिकोत्सवको अवसरमा वैशाख ११ गते बैंक परिसर, बालुवाटारमा रक्तदान कार्यक्रम सम्पन्न भयो । सो अवसरमा १६८ जनाले रक्तदान गर्नुभएको थियो । ■





# वार्षिकोत्सवका अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप सम्पन्न

# प्रदेशस्थित कार्यालयमा वार्षिकोत्सव कार्यक्रम



विराटनगर कार्यालय

## विराटनगर कार्यालय

वार्षिकोत्सवको अवसरमा विराटनगर कार्यालयले विभिन्न कार्यक्रमहरूको आयोजना गर्‍यो । कार्यालयले वैशाख ९ गते बैंकका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागितामा रक्तदान कार्यक्रम आयोजना गर्‍यो । कार्यालयले वैशाख ११ गते कोशी प्रदेशका २० वटा बैंक तथा वित्तीय संस्थाको सहभागितामा 'अन्तर बैंक हाजिरीजवाफ प्रतियोगिता' सञ्चालन गरेको थियो । उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने नेपाल एसबिआई बैंक लिमिटेड, सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड र लक्ष्मी सनराइज बैंक लिमिटेडलाई वैशाख १४ गते आयोजित वार्षिकोत्सव समारोहमा नगद पुरस्कार क्रमशः २० हजार, १५ हजार र १० हजारका साथै ट्रफी प्रदान गरिएको थियो ।

यसैगरी विराटनगर कार्यालयमा कार्यरत कर्मचारी, पूर्वकर्मचारी तथा कर्मचारीका छोराछोरीहरू बीच विभिन्न विधामा प्रतियोगितात्मक कार्यक्रम आयोजना गरिएको थियो । कर्मचारीहरूबीच मैत्रीपूर्ण फुटबल, पुरुष सिङ्गल तथा महिला सिङ्गल ब्याडमिन्टन, पुरुष सिङ्गल तथा महिला सिङ्गल टेबलटेनिस, नोट काउन्टिङ, हण्डीफोर प्रतियोगिता आयोजना गर्नुका साथै कार्यालय परिसरमा वृक्षारोपण कार्यक्रम आयोजना गरिएको थियो । पूर्वकर्मचारीहरू बीच म्युजिकल बल साथै कर्मचारीका छोराछोरीबीच बालचित्रकला प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा विजयी प्रतियोगीहरूलाई वैशाख १४ गते आयोजित समारोहमा पुरस्कार वितरण गरिएको थियो । त्यसै गरी कार्यालयले वैशाख १४ गते विराटनगर कार्यालयका कर्मचारी र विराटनगरस्थित बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूसमेत गरी करिब ७५० जनाको सहभागितामा प्रभातफेरी कार्यक्रम सम्पन्न गरेको थियो ।

## जनकपुर कार्यालय

वार्षिकोत्सवको अवसरमा जनकपुर कार्यालयले हण्डीफोर, स्लोबाइक रेस, नोट काउन्टिङ, १०० मिटर दौड (महिला/पुरुष), हाजिरी जवाफ, क्यारमबोर्ड सिङ्गल तथा डबल्स प्रतियोगिता, टेबल टेनिस सिङ्गल तथा डबल्स (महिला/पुरुष), ब्याडमिन्टन सिङ्गल तथा डबल्स (महिला/पुरुष) गरी जम्मा १६ वटा विधामा विविध खेलकुद, मनोरञ्जनात्मक तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित कार्यक्रमहरू आयोजना गर्‍यो । त्यसैगरी कार्यालयका कर्मचारी र बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको चारवटा समूहबीच क्रिकेट प्रतियोगिताको आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा सिटिजन्स बैंक विजेता तथा प्रभु बैंक टिम उप-विजेता भएका थिए ।

वैशाख १४ गते वार्षिकोत्सवको अवसरमा आयोजित विशेष समारोहको पहिलो सत्रमा विविध विधाका खेलमा सहभागी विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गरिएको थियो भने दोस्रो सत्रमा, बैंकका कर्मचारीहरू, भूतपूर्व कर्मचारीहरू, मधेश प्रदेशका विभिन्न सरकारी कार्यालयका कर्मचारी, नेपाली सेना, बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरू, सञ्चारकर्मीहरू तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिको उपस्थितिमा वार्षिकोत्सव समारोह सम्पन्न भएको थियो । कार्यालयले सो अवसरमा रक्तदान र सरसफाइ कार्यक्रमसमेत आयोजना गरेको थियो ।

कार्यालयले बैंकको ७० औं वार्षिकोत्सवको दिनबाट नै विदेशी तथा स्वदेशी मुद्रा सटही कार्यलाई सहज तथा डिजिटल बनाउन QR Scan Code को शुभारम्भसमेत गर्‍यो ।




जनकपुर कार्यालय

## वीरगञ्ज कार्यालय

सोही अवसरमा वीरगञ्ज कार्यालयले वीरगञ्जमा रहेका बैंक तथा वित्तीय संस्थाका प्रादेशिक तथा शाखा कार्यालयहरूको सहभागितामा अन्तर बैंक क्रिक्सल प्रतियोगिता र अन्तरबैंक फुटसल प्रतियोगिता आयोजना गऱ्यो। साथै, वीरगञ्ज क्षेत्रका कलेजमा व्यवस्थापन सङ्कायतर्फ स्नातक तहका विद्यार्थीहरूबीच हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरिएको थियो। कार्यालयका कर्मचारीबीच पुरुष/महिला ब्याडमिन्टन प्रतियोगिता (सिङ्गल तथा डबल), पुरुष/महिला टेबल टेनिस प्रतियोगिता (सिङ्गल तथा डबल), भलिबल प्रतियोगिता, बुद्धिचाल प्रतियोगिता, क्यारेम बोर्ड प्रतियोगिता, हाँडीफोर प्रतियोगिता, म्युजिकल चेयर प्रतियोगिता लगायतका विभिन्न कार्यक्रमहरू सम्पन्न भएको थियो। कार्यालयले वैशाख १४ गते बैंक तथा वित्तीय संस्थाहरूको सहभागितामा वित्तीय चेतनामूलक प्रभातफेरी कार्यक्रमसमेत सम्पन्न गऱ्यो।



वीरगञ्ज कार्यालय

## सिद्धार्थनगर कार्यालय

वार्षिकोत्सवको अवसरमा सिद्धार्थनगर कार्यालयले कर्मचारीबीच फुटसल, टेबलटेनिस र नोट काउन्टिङ प्रतियोगिता सञ्चालन गऱ्यो भने कर्मचारीका छोराछोरीहरू बीच बालचित्रकला प्रतियोगिता एवम् कर्मचारीका महिला परिवारहरूबीच हण्डीफोर प्रतियोगिता र जीवन विज्ञान संस्थासँगको सहकार्यमा एक दिने जीवन अमृत ध्यान विधि र स्वजागरण कार्यक्रमसमेत सञ्चालन गरेको थियो।

कार्यालयले वैशाख १३ गते आयोजना गरेको अन्तरबैंक फुटबल प्रतियोगितामा वाणिज्य बैंकका दुई टीम र विकास बैंक, वित्त कम्पनी, लघुवित्त वित्तीय संस्था एवम् नेपाल राष्ट्र बैंकको एक/एक टीम गरी ६ टीम सहभागी रहेका थिए। उक्त प्रतियोगितामा वाणिज्य बैंकको 'टीम ए' विजयी भएको थियो भने नेपाल राष्ट्र बैंक उपविजेता भएको थियो। प्रतियोगिताका विजयी टिमहरूलाई ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिएको थियो।

कार्यालयले वैशाख १४ गते निर्देशक रमेश आचार्यको अध्यक्षता र लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री माननीय चेतनारायण आचार्यको प्रमुख आतिथ्य एवम् प्रमुख सचिव, सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख तथा प्रमुख जिल्ला अधिकारीको विशिष्ट आतिथ्यमा वार्षिकोत्सव समारोह सम्पन्न गरेको थियो। कार्यक्रमका अवसरमा कार्यालयबाट अवकाशप्राप्त ज्येष्ठ सदस्य राममोहन यादवलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो भने कर्मचारीका छोरीहरूको नृत्यसमेत प्रस्तुत गरिएको थियो। कार्यक्रममा बालचित्रकला प्रतियोगिताका विजयी एवम् नृत्य प्रस्तुतकर्तालाई पुरस्कार एवम् सम्मानपत्र वितरण गरिएको थियो।

## पोखरा कार्यालय

वार्षिकोत्सवको अवसरमा पोखरा कार्यालयले अन्तर इकाई फुटसल प्रतियोगिता, टेबल टेनिस, ब्याडमिन्टन, बाल चित्रकलालगायतका प्रतियोगिता तथा वृक्षारोपण कार्यक्रम सम्पन्न गऱ्यो। प्रतियोगितामा कार्यरत कर्मचारीहरू, भूतपूर्व कर्मचारीहरूका साथै कर्मचारीका छोरा/छोरीहरूको सहभागिता रहेको थियो।

कार्यालयले वैशाख १४ गते सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशका माननीय मन्त्री तथा कार्यालयका कर्मचारी, पूर्व कर्मचारी, बैंक वित्तीय संस्थाका प्रतिनिधि, अन्य सरकारी सरोकारवाला कार्यालयका प्रतिनिधिलगायत करिब १३० जनाको उपस्थितिमा वार्षिकोत्सव कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा ग्लोबल मनी विक-२०२५ को अवसरमा आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता र निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान ल्याउन सफल उच्च माध्यामिक विद्यालय तथा कलेजका विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो।



सिद्धार्थनगर कार्यालय




पोखरा कार्यालय



सुर्खेत कार्यालय



नेपालगञ्ज कार्यालय

## सुर्खेत कार्यालय

सुर्खेत कार्यालयले वैशाख १२ र १३ गते कर्णाली प्रदेशस्तरीय चौथो अन्तरबैंक फुटसल प्रतियोगिता आयोजना गऱ्यो। कर्णाली प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाहरूबाट १६ वटा टिमको सहभागिता रहेको उक्त फुटसल प्रतियोगितामा ग्लोबल आइएमई बैंक लिमिटेड र एनआईसी एसिया बैंक लिमिटेड क्रमशः विजेता र उपविजेता भएका थिए। त्यसैगरी कार्यक्रमका सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षककलाई पुरस्कृत समेत गरिएको थियो।

कार्यालयले वार्षिकोत्सवको अवसरमा कर्मचारीहरूबीच ब्याडमिन्टन सिंगल र डबल, म्युजिकल चेयर र घैंटो फोड खेल आयोजना गरेको थियो। उक्त प्रतियोगितामा विजयी सहभागीहरूलाई वैशाख १४ गते आयोजित समारोहमा पुरस्कृत गरिएको थियो।

## नेपालगञ्ज कार्यालय

सोही सिलसिलामा नेपालगञ्ज कार्यालयले रक्तदान कार्यक्रम, ब्याडमिन्टन (पुरुष/महिला), बुद्धिचाल, भलिबल, टेबलटेनिस (पुरुष/महिला), म्युजिकल चेयर, डोरी तान्ने (पुरुष/महिला) र बालचित्रकलाका साथै पूर्व कर्मचारीको लागि बास्केटबल प्रतियोगिता आयोजना गरेको थियो। वैशाख १३ गते एक कार्यक्रम आयोजना गरी विजयी प्रतियोगीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो। साथै, वैशाख १४ गते वार्षिकोत्सव समारोहको आयोजना गरिएको र सो कार्यक्रममा बैंकका पूर्व कर्मचारीहरूलाई सम्मानसमेत गरिएको थियो।

## धनगढी कार्यालय

धनगढी कार्यालयले कार्यरत कर्मचारीबीच ब्याडमिन्टन प्रतियोगिता (सिंगल र डबल्स), टेबुलटेनिस प्रतियोगिता (सिंगल र ढबल्स) तथा फुटसल आयोजना गर्नुका साथै कार्यालयमा कार्यरत कर्मचारीका कक्षा १ देखि १० सम्म अध्ययनरत छोराछोरीबीच बाल चित्रकला प्रतियोगिता सञ्चालन गऱ्यो। यसै क्रममा धनगढी कार्यालय र धनगढीमा रहेका बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूबीच क्रिकेट प्रतियोगितासमेत आयोजना गरिएको थियो। कार्यालयले बैंकका पूर्व कर्मचारीहरूको सहभागितामा म्यूजिकल चेयर खेल आयोजना गरेको थियो। प्रतियोगिताका विजयी खेलाडीहरूलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

वार्षिकोत्सवको अवसरमा वैशाख १४ गते निर्देशक केशवबहादुर के.सीको अध्यक्षतामा आयोजित समारोहमा बैंकका कर्मचारी, पूर्व कर्मचारी, धनगढीस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुखलगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

## टक्सार महाशाखा

बैंकको ७० औं वार्षिकोत्सवको अवसरमा टक्सार महाशाखाले कार्यरत कर्मचारीको सहभागितामा वैशाख १२ गते महाशाखा परिसरको सरसफाइ, विभिन्न प्रजातिका फूल तथा वृक्षारोपण गरी सम्पन्न गरेको थियो। ■




धनगढी कार्यालय




टक्सार महाशाखा

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



वित्तीय जानकारी इकाईले वैशाख १५ गते AML/CFT सम्बन्धी समन्वय समितिका संयोजक एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयका सचिव (कानुन) फणीन्द्र गौतमको उपस्थितिमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो। गौतम सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिम गठित निर्देशक समितिले जारी गरेको "ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२" मा उल्लिखित क्रियाकलापहरूको अनुगमन गर्न गठित अनुगमन समितिका संयोजक हुनुहुन्छ।

उक्त कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव चूडामणि पौडेल, अर्थ मन्त्रालयका सह-सचिव शोभाकान्त पौडेल र उप-सचिव सुशीलकुमार शर्मा नेपाल, नेपाल राष्ट्र बैंकका निर्देशक हाल अर्थ मन्त्रालयमा कार्यरत डा. हरिकुमार नेपाल, इकाई प्रमुख वासुदेव भट्टराईलगायत इकाईका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा उप-निर्देशक स्वरूप श्रेष्ठले FATF को फेब्रुवरी, २०२५ को वार्षिक बैठकले नेपाललाई थप अनुगमनको सूची (Jurisdictions under Increased Monitoring) मा राख्ने निर्णय गरेको सन्दर्भमा उक्त सूचीबाट छिटो बाहिर निस्कनको लागि पारस्परिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका सिफारिसहरू, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८१/०८२-२०८५/०८६), ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ लगायतले तोकेका क्रियाकलापका सम्बन्धमा इकाईले गरेका पछिल्ला प्रगति तथा कार्यसम्पादन र भावी कार्ययोजनाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो।

कार्यक्रमको अन्त्यमा इकाई प्रमुख भट्टराईले शङ्कास्पद कारोबार/गतिविधि विश्लेषणको क्रममा सरकारी निकायमा रहेको सूचनामा नियन्त्रित पहुँच प्राप्त भएमा र इकाईबाट सम्प्रेषित सूचनाको पर्याप्तता वा उपयोग सम्बन्धमा अनुसन्धानकारी निकाय/कानुन कार्यान्वयन गर्ने निकाय/अभियोजनकारी निकायहरूबाट नियमित रूपमा पृष्ठपोषण प्राप्त हुन सकेमा शङ्कास्पद कारोबार/गतिविधि विश्लेषणमा सङ्ख्यात्मक तथा गुणात्मक सुधार गर्न सकिने धारणा राख्नुभयो। त्यस्तै goAML Integration मा सूचक संस्थाको पँहुच बढाउन सम्बन्धित नियमनकारी तथा सुपरिवेक्षकीय निकायको सहयोगी भूमिका महत्वपूर्ण हुने तथा हालै मात्र FATF को ग्रे लिष्टबाट बाहिरिन सफल राष्ट्रहरू Mongolia, Phillipines, UAE लगायतका देशबाट सम्बन्धित विषयमा सुझाव प्राप्त गर्न सकिने कुरा औंल्याउदै कार्यक्रम समापन गर्नुभयो। ■

# बाजुरा जिल्लामा तथ्याङ्क सङ्कलन सम्बन्धी गोष्ठी सम्पन्न

धनगढी कार्यालयले वैशाख २६ गते बाजुरा जिल्लामा आर्थिक गतिविधि अध्ययनका लागि तथ्याङ्क उपलब्ध गराउने सरकारी कार्यालयहरू, होटल व्यवसायी, उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था तथा तथ्याङ्क सङ्कलनसँग सरोकार राख्ने अन्य सरोकारवाला निकायहरूको सहभागितामा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी सम्पन्न गऱ्यो।




कार्यालयका निर्देशक केशवबहादुर के.सीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उपनिर्देशक झकेन्द्रबहादुर शाहीले

आर्थिक तथ्याङ्क सङ्कलनका विविध पक्षमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा उहाँले आर्थिक तथ्याङ्कको महत्व र उपयोग, तथ्याङ्क सङ्कलनका प्रक्रियाहरू, तथ्याङ्क सङ्कलन गर्दा आउने समस्याहरू, सरोकारवाला निकायहरूको समन्वयकारी भूमिका, बैंक तथा वित्तीय क्षेत्रको पहुँच तथा विस्तार र बाजुरा जिल्लाको समग्र सामाजिक, आर्थिक तथा वित्तीय सूचकाङ्कहरूका बारेमा जानकारी गराउँदै समयमै तथ्याङ्क सङ्कलन र प्रशोधन गरी उपलब्ध गराउनुपर्ने तथा तथ्याङ्कको शुद्धता र एकरूपतामा ध्यान दिनुपर्ने विषयमा जोड दिनुभयो । निर्देशक केशवबहादुर के.सी.ले सहभागीहरूका जिज्ञासाहरूको सम्बोधन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

तथ्याङ्क सङ्कलनमा देखिने समस्याहरूको समाधान तथा यसको प्रभावकारिता बढाउने उद्देश्य रहेको उक्त कार्यक्रममा सहायक निर्देशक हरिलाल भट्टले स्वागत मन्तव्य र प्रधान सहायक सहदेव भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सरकारी कारोबारसम्बन्धी अन्तरक्रिया कार्यक्रम

सुर्खेत कार्यालयले वैशाख ३० गते कर्णाली प्रदेश सरकारको सरकारी कारोबारसम्बन्धी अन्तरक्रिया कार्यक्रम वीरेन्द्रनगर, सुर्खेतमा सम्पन्न गर्‍यो । सुर्खेत कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सरकारी कारोबार गर्ने बैंकहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा कार्यालयका उप निर्देशक राजनप्रसाद रेग्मीले कार्यक्रमको बारेमा प्रकाश पार्दै उपस्थित सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा सहायक निर्देशक सागर मालाकारले कर्णाली प्रदेश सरकारको सरकारी कारोबारसम्बन्धी हालको अवस्थाबारे जानकारी दिनुभएको थियो ।



उक्त कार्यक्रममा प्रदेश सरकारको सरकारी कारोबारसम्बन्धी कार्य अनुभव, जानकारीका सम्बन्धमा सहभागीहरूबाट राखिएका जिज्ञासा र प्रश्नहरूको सम्बोधन गर्दै उप निर्देशक रेग्मीले धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन गर्नुभएको थियो । सहायक निर्देशक रमेश पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# टक्सार महाशाखामा अग्नि नियन्त्रण अभ्यास (Fire Drill) सम्पन्न

टक्सार महाशाखामा वैशाख ३० गते आगलागी नियन्त्रणसम्बन्धी अभ्यास (Fire Drill) कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा टक्सार महाशाखामा रहेका नेपाली सेनाका प्रशिक्षकहरूले आगलागीको जोखिम, आगजनीको प्रकारको आधारमा विविध उपकरणको प्रयोग, त्यस्तो अवस्थामा गर्नुपर्ने प्राथमिक कार्यलगायत त्यसबाट बच्ने उपायका बारेमा प्रशिक्षण दिनुभएको थियो ।

टक्सार महाशाखाका कर्मचारी एवम् सुरक्षा समूहको उपस्थितिमा नेपाली सेनाले आगो नियन्त्रणको लागि अपनाउने प्रक्रिया, सजगता, प्रयोग गर्ने उपकरण, सोको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी सम्बन्धमा प्रशिक्षण तथा Fire Drill गरी उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

यो कार्यक्रमबाट महाशाखाका कर्मचारीहरूलाई आगलागीको आपतकालीन परिस्थितिमा सुरक्षित साथ Fire Extinguisher को प्रयोग गरी अग्नि नियन्त्रणमार्फत कागजातलगायत अन्य महत्वपूर्ण सामग्रीको सुरक्षामा मद्दत पुर्‍याउन सक्ने अपेक्षा गरिएको छ । ■



# सम्पत्ति व्यवस्थापन कम्पनी: आवश्यकता र औचित्य



✍ पुष्प चन्द्र खनाल
सहायक निर्देशक

## विषय प्रवेश

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको खराब कर्जा र गैर बैंकिङ सम्पत्ति बढेको छ । नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित तथ्याङ्कअनुसार वि.सं. २०७८ असार १.४८ प्रतिशत रहेको खराब कर्जा अनुपात २०८१ चैतमा ५.२४ प्रतिशत पुगेको छ भने गैर बैंकिङ सम्पत्ति रु.१०.५ अर्बबाट रु.४४ अर्ब पुगेको छ । यसले बैंकको आम्दानी, पुँजी पर्याप्तता, वितरणयोग्य नाफामा समेत नकारात्मक असर पारेको छ ।

विभिन्न चरणका वित्तीय सङ्कट, प्रणालीगत र गैर प्रणालीगत कारणले हुने खराब कर्जाको वृद्धि, यसले वित्तीय स्थायित्वमा ल्याउन सक्ने असरलाई सम्बोधन गर्ने एउटा विशेष उपायको रूपमा सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना लिइने गरिन्छ । नेपाल सरकारको आर्थिक वर्ष २०५८/५९ को बजेट तथा कार्यक्रमको बुँदा नं. ५६ मा खराब कर्जा व्यवस्थापन गर्न सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने कार्य सुरु गर्ने उल्लेख छ । तत्पश्चातका विभिन्न वर्षका बजेट तथा कार्यक्रम, नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा यसले ठाउँ पाइरहेको छ ।

आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमा चालु आर्थिक वर्षमा सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापनाको लागि आवश्यक ऐनको मस्यौदा तर्जुमा गरी सरकारलाई बुझाउने कार्य राखिएको छ । यसका साथै भर्खरमात्र अर्थ मन्त्रालयमा पेस भएको उच्च स्तरीय आर्थिक सुझाव आयोगबाट सम्पत्ति व्यवस्थापन गर्न खराब बैंक स्थापना गर्न सिफारिस गरिएको छ भने आर्थिक वर्ष २०८२/८३ को सरकारको नीति तथा कार्यक्रममा समेत सरकारले यसको स्थापनालाई प्राथमिकतामा राखेको देखिन्छ ।

## के हो सम्पत्ति व्यवस्थापन कम्पनी ?

साधारण भाषामा भन्दा सम्पत्ति व्यवस्थापन कम्पनी बैंक तथा वित्तीय संस्थामा रहेको खराब कर्जा र गैर बैंकिङ सम्पत्तिलाई खरिद गरी यसको व्यवस्थापन गर्न स्थापना भएको कम्पनी हो ।


यस्ता कम्पनीले यसरी खरिद गरिएका कर्जा/सम्पत्ति/परियोजनालाई सञ्चालन, विक्री वा कर्जाको असुलीमा सहयोग गर्ने आदि कार्य गर्दछन् । सन् १९८८ मा अमेरिकाको मेलन बैंकले आफ्नो खराब कर्जा व्यवस्थापनको लागि सहायक कम्पनीको रूपमा ग्राण्ड स्ट्रिट नेसनल बैंक स्थापना गरी उक्त बैंकमा यस्ता कर्जालाई स्थानान्तरण गरेको थियो । सन् १९९० को दशकको एसियाली वित्तीय सङ्कट र २००७-०८ को विश्वव्यापी वित्तीय सङ्कटपश्चात् धेरै देशहरूले यस्तो प्रकारको सङ्गठनात्मक संरचना स्थापना गरी वित्तीय सङ्कटबाट अर्थतन्त्रमा पर्ने प्रभावलाई न्यूनीकरण गरेका छन् । भारतमा समेत केही वर्ष अगाडि भारतीय रिजर्भ बैंकबाट इजाजतपत्रप्राप्त प्राप्त गरी सरकारको स्वामित्वका दुई वटा र केही निजी क्षेत्रबाट कम्पनी स्थापना भएका छन् । यस्ता कम्पनीमाथि भारतीय रिजर्व बैंकबाट निरन्तर रूपमा नियमन, सुपरिवेक्षण कार्य भइरहेको छ ।

**बैंक तथा वित्तीय संस्थामा जम्मा भएका खराब कर्जाको व्यवस्थापन गर्दा आउने कानुनी जटिलता, कर्जा असुलीको क्रममा हुने लामो अदालती प्रक्रिया, परियोजना/सम्पत्ति सकार गरी सञ्चालन गर्न नसकिने कानुनी अवस्था र व्यावसायिक अक्षमता, छिटो समयमा नै बिक्री गर्दा हुन सक्ने घाटा कम गर्न र बैंकको ध्यान खराब कर्जाको व्यवस्थापनभन्दा पनि व्यवसाय वृद्धितर्फ एकत्रित गर्न घाटामा नै भए पनि यस्ता आफ्ना सम्पतिलाई स्थानान्तरण वा बिक्री गर्ने उपाय अवलम्बन गर्छन् ।**

बैंक तथा वित्तीय संस्थामा जम्मा भएका खराब कर्जाको व्यवस्थापन गर्दा आउने कानुनी जटिलता, कर्जा असुलीको क्रममा हुने लामो अदालती प्रक्रिया, परियोजना/सम्पत्ति सकार गरी सञ्चालन गर्न नसकिने कानुनी अवस्था र व्यावसायिक अक्षमता, छिटो समयमा नै बिक्री गर्दा हुन सक्ने घाटा कम गर्न र बैंकको ध्यान खराब कर्जाको व्यवस्थापनभन्दा पनि व्यवसाय वृद्धितर्फ एकत्रित गर्न घाटामा नै भए पनि यस्ता आफ्ना सम्पतिलाई स्थानान्तरण वा बिक्री गर्ने उपाय अवलम्बन गर्छन् । त्यस्तै, यस्ता कम्पनीमार्फत खराब कर्जासँग सम्बन्धित सम्पत्तिको लागी छुट्टै बजार निर्माण गर्न, कम्पनीमा हुने व्यावसायिक व्यक्तिबाट सम्पत्तिको उचित मूल्याङ्कन गर्न, समान मूल्याङ्कन पद्धति निर्माण गर्न, खरिदकर्ता र विक्रीकर्ताको लागि एक तटस्थ माध्यम बन्न मद्दत पुग्छ । तथापी, कर्जा खराब कर्जामा परिणत भएका सम्पत्ति व्यवस्थापन कम्पनीमा सार्न सकिने विकल्पले कर्जा मूल्याङ्कन र कर्जाको अनुगमनमा हुन सक्ने कमजोरी, सम्पत्तिको मूल्याङ्कन, सम्पत्तिको मूल्यमा हुने उतार चढाव, सञ्चालन खर्च, बजार व्यवस्थापन लगायतका विषयहरूले फाइदा सजिलै लिइहाल्न सक्ने अवस्था छैन ।

## कम्पनी स्थापनाको लागि पूर्व शर्त

सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना र सञ्चालन आफैमा चुनौतीपूर्ण छ । बैंक तथा वित्तीय संस्थाले अत्यन्त सुक्ष्म ढंगले गरेका कर्जाको मूल्याङ्कनपश्चात् प्रवाह भई निरन्तर निगरानी गरिरहँदा पनि असुलउपर गर्न नसकेको कर्जा र परियोजना/धितो सकार गरी व्यवस्थापन गर्नु सजिलो छैन । सञ्चालनको क्रममा आउन सक्ने कठिनाईलाई सम्बोधन गर्न विभिन्न मुलुकमा यस्ता कम्पनीलाई विशेष अधिकार, छुट र सुविधा दिइएको हुन्छ । निजी क्षेत्रबाट पनि यस्ता कम्पनी स्थापना भएका उदाहरण भए तापनि अधिकांश देशमा सरकारद्वारा प्रवर्द्धित छन् । यस्ता कम्पनीको स्थापना गर्न ठूलो पुँजी आवश्यक पर्ने, स्पष्ट रूपमा सरकारको वित्तीय सहयोग र समर्थन आवश्यक हुँदा हाम्रो जस्तो मुलुकमा सरकारको लगानी समेत आवश्यक पर्छ । सरकारले विकास निर्माणलगायत अन्य काममा लगाउन सक्ने जनताबाट उठाइएको रकम नीजि तथा केही सरकारी बैंकको खराब कर्जा व्यवस्थापनमा लगाउँदा यसबाट आम सरोकारवालाबाट प्रश्न उठ्न सक्छ । यसका साथै, यस्ता कम्पनीको सङ्ख्या कति हुने, कस्ता किसिमका कर्जा यसले खरिद गर्न सक्ने, कति रकमसम्म र कुन क्षेत्रमा प्रवाह भएका कर्जाको खरिद गर्न सकिने विषयमा स्पष्टता आवश्यक हुन्छ । यस सिलसिलामा कम्पनीले खरिद गर्ने कर्जाको मूल्याङ्कन र यसको स्रोत




*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष/लेखक*

व्यवस्थापन सबैभन्दा पेचिलो विषय बन्न जान्छ । अनेक उपाय गर्दा पनि स्वयम् ऋणीले परियोजना सञ्चालन गर्न नसकेर टाट पल्टेको, प्रशस्त सञ्जाल, ग्राहकसँगको पहुँच रहँदा पनि बैंकले बिक्री/व्यवस्थापन गर्न खरिदकर्ता नपाइरहेको अवस्थामा हाम्रो जस्तो सानो अर्थतन्त्रमा सम्पत्ति व्यवस्थापन कम्पनीले सम्पत्ति व्यवस्थापन गर्न सकिहाल्ने, ग्राहक पाइहाल्ने र खराब कर्जा घटीहाल्ने अवस्था नहुन सक्छ । सम्पत्ति व्यवस्थापन कम्पनीको सञ्चालक समिति, यसमा हुने प्रतिनिधित्व, सङ्गठन संरचना, मानव स्रोतको व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, राजनैतिक तटस्थता, ठूला ऋणीको प्रभाव, समन्वय आदि सम्पूर्ण विषयमा स्पष्ट हुनु जरुरी छ । यसका साथै कम्पनी स्थापना भएपश्चात् सकार गरिएका सम्पत्तिलाई कसरी व्यवस्थापन गर्न सकिने भन्ने विषयमा ध्यान दिनु जरुरी हुन्छ ।

विश्वका अधिकांश मुलुकले भोगेका वित्तीय सङ्कटपश्चात् वृद्धि भएका खराब कर्जा व्यवस्थापन गर्न अत्यधिक मात्रामा अधिकार दिई केही वर्षको अवधि तोकी सरकार, केन्द्रीय बैंक, निजी क्षेत्रको लगानीमा कम्पनी स्थापना भई समयक्रमसँगै बन्द गरिएका उदाहरण छन् । यस्ता कम्पनीलाई सधैं राख्दा आउन सक्ने नैतिक ह्रासको अवस्था सिर्जना हुन नदिन यस्तो व्यवस्था गरिएको हो । विभिन्न अध्ययनहरूले स्पष्ट जनादेश र उच्च नेतृत्वको निरन्तर निगरानीमा धेरै एसियाली मुलुकमा

**सम्पत्ति व्यवस्थापन कम्पनीको सञ्चालक समिति, यसमा हुने प्रतिनिधित्व, सङ्गठन संरचना, मानव स्रोतको व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, राजनैतिक तटस्थता, ठूला ऋणीको प्रभाव, समन्वय आदि सम्पूर्ण विषयमा स्पष्ट हुनु जरुरी छ ।**

यस्तो कम्पनीले खराब कर्जा व्यवस्थापनमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना सबै समस्याको एकमात्र हल नहुन सक्छ । सबैभन्दा पहिले हाम्रो बैंकिङ प्रणालीमा खराब कर्जा के कति कारणले बढ्दै गएको, कर्जा कति प्रणालीगत कारणले र कति व्यवस्थापकीय कारणले खराब भएका हुन् जसको सुक्ष्म विश्लेषण हुनु जरुरी छ ।

कहिलेकाहीँ अर्थतन्त्रको चक्र, केही नियामकीय व्यवस्थाहरूको छोटो प्रभाव, कर्जा विस्तारको अवस्था आदि कारणले पनि खराब कर्जा केही समयको लागि तिव्र वृद्धि भएको हुन सक्छ । यस्ता किसिमको अवस्थामा वित्त नीति र मौद्रिक नीतिबाट सम्बोधन गर्दै समस्यामा रहेका पेसा व्यवसायलाई विभिन्न वित्तीय र गैर वित्तीय सहजता प्रदान गर्ने, कर्जाको पुनरसंरचना, पुनरतालिकीकरण गरी पुनरजागृत गर्न गर्ने विकल्पको समेत अध्ययन हुनुपर्छ ।

## उपसंहार

बैंक तथा वित्तीय संस्थामा रहेको खराब कर्जाको व्यवस्थापनका लागि महत्वपूर्ण औजारका रूपमा सम्पत्ति व्यवस्थापन कम्पनीलाई लिइएको छ । लामो समयदेखि नेपालमा पनि यस्तो कम्पनी स्थापनासम्बन्धी छलफल, विश्लेषण, अध्ययनहरू भई प्राप्त सुझावका आधारमा देशका प्रमुख नीतिहरूमा व्यवस्था गरिएको भए तापनि यो स्थापना हुन सकेको छैन ।

आफ्नो वासलातमा रहेको खराब सम्पत्तिलाई हटाई वासलातलाई व्यवस्थापन गर्दै बैंकको ध्यान बिग्रेको सम्पत्तिमा लगाउनुभन्दा पनि बैंकको व्यवसाय वृद्धिमा लगाउने उपायस्वरूप यसको स्थापना गरिने उद्देश्य राख्नु आफैंमा गलत होइन । तथापि, सूक्ष्म अध्ययनपछिको स्पष्ट नीतिगत व्यवस्था, उच्च नेतृत्वको इच्छाशक्ति, राजनीतिक तटस्थता, कोषको व्यवस्थापन, स्वतन्त्र र व्यावसायिक सङ्गठन संरचना र निश्चित अवधि उल्लेख गरी तदारुकताका साथ सम्पत्ति व्यवस्थापन गर्न सकिएन भने एउटा संस्थाको खराब कर्जा अर्को संस्थामा स्थानान्तरण भई खराब कर्जा यथास्थितिमा रहने, प्रक्रियागत झमेला बढ्दै जाने र सरकारी कोषमा थप भार थप्ने औजार बन्न सक्ने बारेमा चनाखो हुनु जरुरी छ । ■

# सूचनाको हक र नेपाल राष्ट्र बैंकमा सोको अभ्यास



सविन ओली
सहायक निर्देशक

नेपालको संविधान २०७२ को धारा २७ मा रहेको सूचनाको हकले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक सुनिश्चित गरेको छ । लोकतान्त्रिक प्रणालीमा राज्यका कामकारवाही पारदर्शी र खुला बनाउँदै नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न तथा संवेदनशील सूचनाको संरक्षण गर्न एवम् नागरिकको सुसूचित हुन पाउने हकलाई स्थापित गर्ने उद्देश्यले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी गरी कार्यान्वयनमा ल्याइएको देखिन्छ । यो ऐनको प्रावधानअनुसार नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि राष्ट्रिय सूचना आयोगको स्थापना भएको छ ।

नेपाल राष्ट्र बैंक सार्वजनिक निकाय भएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ लाई कार्यान्वयनमा लैजानुपर्ने भएकाले ऐनको मर्मअनुरूप नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७ जारी गरिएको छ । बैंकसँग सम्बन्धित सूचना व्यवस्थित, सहज र पारदर्शी रूपमा सम्प्रेषण गर्दै समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्नु यस नीतिको उद्देश्य रहेको छ ।

## १. बैंकको संस्थागत संरचना तथा सञ्चार प्रणाली

ऐनले प्रत्येक सार्वजनिक निकायलाई नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नुपर्ने जिम्मेवारी तोकेको सन्दर्भमा बैंकका सूचना तथा जानकारी स्पष्ट, पारदर्शी, विश्वसनीय तथा जवाफदेही ढङ्गले सरोकारवालालाई उपलब्ध गराउन बैंकमा निम्नबमोजिमका संस्थागत संरचना तथा सञ्चार प्रणाली रहेका छन्:

### १.१ सूचना तथा सञ्चार महाशाखा

गभर्नरको कार्यालय अन्तर्गत सूचना अधिकारीको नेतृत्वमा सूचना तथा सञ्चार महाशाखा रहेको छ । महाशाखाले मुख्य रूपमा सूचनाको हकसम्बन्धी कार्य, सञ्चार, प्रकाशन तथा सामाजिक सञ्जाल सञ्चालन लगायतका कार्यहरू गर्दछ । महाशाखा अन्तर्गत सञ्चार सम्बन्ध इकाइ (Media Relation Unit) र जनसम्पर्क इकाई (Public Relation Unit) गरी दुइवटा इकाई रहेका छन् ।

> **लोकतान्त्रिक प्रणालीमा राज्यका कामकारबाही पारदर्शी र खुला बनाउँदै नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न तथा संवेदनशील सूचनाको संरक्षण गर्न एवम् नागरिकको सुसूचित हुन पाउने हकलाई स्थापित गर्ने उद्देश्यले सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ जारी गरी कार्यान्वयनमा ल्याइएको देखिन्छ ।**


### १.२ प्रवक्ता, सूचना अधिकारी तथा सम्पर्क अधिकारी सम्बन्धी व्यवस्था

- **प्रवक्ता तथा सहप्रवक्ता :** बैंकको सूचना, तथ्याङ्क तथा जानकारी आधिकारिक रूपमा सम्प्रेषण एवम् व्यवस्थापन गर्नका निम्ति गभर्नरले एक कार्यकारी निर्देशकलाई प्रवक्ताको जिम्मेवारी दिएको हुन्छ । त्यस्तै प्रवक्ताको अनुपस्थिति वा कार्यव्यस्तताको समयमा प्रवक्ताबाट हुँदै आएका कामकारवाही गर्न सूचना अधिकारीलाई सहप्रवक्ताको जिम्मेवारीसमेत तोकिएको हुन्छ ।
- **सूचना अधिकारी तथा सहायक सूचना अधिकारी:** बैंकको सूचना, तथ्याङ्क र जानकारी सरोकारवालाबाट माग भएअनुरूप उपलब्ध गराउन सूचना तथा सञ्चार महाशाखा प्रमुखलाई सूचना अधिकारीको जिम्मेवारी दिइएको हुन्छ । सूचना अधिकारीको अनुपस्थिति वा कार्यव्यस्तताको समयमा निजबाट हुँदै आएका कामकारवाही गर्न सूचना तथा सञ्चार महाशाखाका उपनिर्देशकलाई सहायक सूचना अधिकारीको जिम्मेवारी तोकिएको छ ।
- **प्रदेशस्थित कार्यालयमा सूचना अधिकारी:** बैंकको प्रदेशस्थित कार्यालयमा सम्बन्धित कार्यालय प्रमुखले अधिकृत द्वितीय (उप-निर्देशक) श्रेणीको कर्मचारीलाई 'सूचना अधिकारी' तोक्ने व्यवस्था छ ।
- **सम्पर्क अधिकारी:** बैंकमा प्राप्त हुने सूचनाको हक सम्बन्धी निवेदनउपर आवश्यक कारबाही गरी निवेदकलाई समयमै आधिकारिक सूचना तथा विवरण उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्न प्रत्येक विभाग/महाशाखा/कार्यालय/इकाइमा एक जना अधिकृतस्तरका कर्मचारीलाई सम्पर्क अधिकारीको जिम्मेवारी दिइएको हुन्छ ।

### १.३ बैंकको सूचना तथा जानकारी सम्प्रेषणका माध्यम

बैंकले प्रवाह गर्ने र गर्नुपर्ने सूचना तथा जानकारीहरू नागरिकलाई सहज रूपमा उपलब्ध गराउने उद्देश्यले देहायका कुनै उपयुक्त माध्यममार्फत सूचना तथा जानकारी सार्वजनिक गर्ने अभ्यास रहेको छ:

- **बैंकको वेबसाइट:** नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार सार्वजनिक गर्नुपर्ने सूचना तथा जानकारीहरूका साथै परिपत्र, प्रतिवेदन, तथ्याङ्क तथा अन्य विवरणहरू बैंकको वेबसाइट (www.nrb.org.np) मा प्रकाशन गरिन्छ । वेबसाइटको सञ्चालन तथा व्यवस्थापन नेपाल राष्ट्र




बैंक विद्युतीय सूचना सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि-२०७८ बमोजिम हुने गर्दछ ।

- **मोबाइल एपः** वेबसाइटमा रहेका सामग्रीहरू बैंकको मोबाइल एपमार्फत पनि प्राप्त गर्न सकिन्छ । हालका लागि यो एन्ड्रोइड सिस्टम (Android System) मा मात्र उपलब्ध छ ।
- **सामाजिक सञ्जालः** गभर्नरको कार्यालयअन्तर्गत रहेको सूचना तथा सञ्चार महाशाखाले बैंकको फेसबुक पेज र एक्स (ट्वीटर) सञ्चालन गर्दै आएको छ । सन् २०२१ देखि सञ्चालनमा आएको बैकको फेसबुक पेजमा मिति २०८२ वैशाख मसान्तसम्ममा १ लाख ५७ हजार र एक्समा २४ हजार ८ सय फलोअर्स रहेका छन् । सर्वसाधारण तथा सरोकारवालालाई छिटोछरितो सूचना तथा जानकारी प्रवाह गर्न सामाजिक सञ्जाल प्रभावकारी माध्यमको रूपमा स्थापित भएको छ । यसै गरी, उक्त अवधिसम्म नेपाल राष्ट्र बैंकको १६,७०० सब्सक्राइबर रहेको आफ्नै युट्युब च्यानल समेत रहेको छ । जहाँ पड्कास्ट, गरिखाने कथा, चेतनामूलक सन्देश आदि सामग्री रहेका छन् ।
- **इन्ट्रानेट (होम):** बैंकभित्रका कर्मचारीहरूलाई आन्तरिक रूपमा परिपत्र, सूचना तथा जानकारी इन्ट्रानेट (https://home.nrb.org.np) को माध्यमबाट प्रदान गरिन्छ ।
- **इमेल/मोबाइल/टेलिफोन/फ्याक्सः** सर्वसाधारण तथा सरोकारवालाले इमेल, मोबाइल तथा टेलिफोनमार्फत सूचना अधिकारीसँग प्रत्यक्ष सम्पर्क राख्न सक्छन् । साथै, वेबसाइटमा विभागीय इमेल तथा टेलिफोन नम्बरसमेत उपलब्ध गराइएका छन् ।
- **पत्रकार सम्मेलनः** सामान्यतयाः बैंकले मौद्रिक नीति र यसको समीक्षा गर्दा र विशेष अवसरमा पत्रकार सम्मेलन गर्ने गरेको छ । साथै, पत्रपत्रिकामा प्रकाशनमार्फत तथा रेडियो/टेलिभिजनबाट प्रसारण तथा अन्य उपयुक्त माध्यमबाट समेत सर्वसाधारण तथा सरोकारवालासमक्ष बैंकले सूचना तथा जानकारी प्रवाह गर्ने गरेको छ ।

## १.४ सूचना तथा जानकारीको नियमित सम्प्रेषण

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ अनुसार बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमयजस्ता विषयमा आफूले गरेको तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रूपमा प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था रहेको हुँदा देहायबमोजिमका प्रतिवेदन, सूचना तथा जानकारी दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्द्धवार्षिक वा वार्षिक रूपमा बैंकको वेबसाइटमार्फत सार्वजनिक हुने गरेको छः

- मौद्रिक नीति तथा सोको समीक्षा,
- देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी विवरण,
- निर्देशन, परिपत्र तथा सूचना,
- बैंकको वार्षिक प्रतिवेदन,
- वित्तीय स्थायित्व प्रतिवेदन,
- मासिक वित्तीय अवस्थाको विवरण,
- बैंकका अन्य प्रतिवेदन,
- इजाजत/अनुमतिपत्रप्राप्त संस्थाहरूको नामावली,
- नेपाल राष्ट्र बैंक समाचार मासिक, त्रैमासिक, मिर्मिरे (आर्थिक) तथा वार्षिकोत्सव विशेषाङ्क,
- मासिक तथ्याङ्क, समसामयिक जानकारी, नेपालको समष्टिगत आर्थिक परिसूचक, आर्थिक बुलेटिन,
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ दफा ५(३) बमोजिम बैंकसँग सम्बन्धित विवरण, र

- अन्य समसामयिक सूचना तथा जानकारी ।

## २. बैंकमा सूचनाको हक (RTI) को कार्यान्वयन अभ्यास

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) बमोजिम राष्ट्रिय स्वाधीनता, सुरक्षा, अपराध अनुसन्धान, व्यक्तिगत गोपनीयता, सामाजिक सद्भावमा खलल पुग्ने लगायतका विषय तथा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ बमोजिम गोप्य राख्नुपर्ने सूचना दिन बाध्य नहुने बाहेक बैंकको कामकारवाहीसँग सम्बन्धित सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले कारण खुलाई बैंकको सूचना अधिकारीसमक्ष निवेदन दिन सक्नेछन् । यस्तो निवेदन भौतिक वा सूचना अधिकारीको इमेल (information@nrb.org.np) मार्फत पनि पठाउन सकिन्छ । सूचनाको हक सम्बन्धी प्राप्त निवेदनउपर गभर्नरको कार्यालय, सूचना तथा सञ्चार महाशाखाले आवश्यक कारवाही अघि बढाउँछ ।

यसरी प्राप्त निवेदनका सम्बन्धमा तत्काल सूचना उपलब्ध गराउन सकिने भए यथासम्भव शीघ्र उपलब्ध गराउने, सूचना उपलब्ध गराउन नसकिने भएमा सोको कारणसहितको जानकारी निवेदकलाई तुरुन्त उपलब्ध गराउने र अन्य विभाग/कार्यालयसँग सम्बन्धित सूचना भए सम्बन्धित विभाग/कार्यालयका सम्पर्क अधिकारीहरूसँग समन्वय गरी निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउने गरिएको छ ।

सूचना अधिकारीले गलत सूचना दिएमा वा आंशिक सूचना उपलब्ध गराएमा वा सूचना उपलब्ध नगराएमा सूचना नपाएको मितिले सात दिनभित्र निवेदकले गभर्नरसमक्ष उजुरी दिन सक्नेछन् । उजुरीउपर जाँचबुझ गर्दा सूचना दिनुपर्ने देखिएमा सात दिनभित्र सूचना उपलब्ध गराउने र नमिल्ने देखिएमा सोको कारणसहितको जानकारी निवेदकलाई दिनुपर्ने व्यवस्था रहेको छ ।

गभर्नरसमक्ष उजुरी गर्दा पनि सूचना नपाएमा वा आंशिक सूचना पाएमा वा सूचना चित्त बुझ्दो नभएमा निवेदकले पैंतीस दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदन गर्न पाउने कानुनी व्यवस्था रहेको छ । यसरी प्राप्त भएको पुनरावेदनको कारवाही गर्ने क्रममा आयोगले सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेस गर्न लगाउन वा सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न सक्छ । पुनरावेदनको व्यहोरा मनासिब देखिएमा आयोगले समायावधि तोकी सूचना उपलब्ध गराउनु भनी आदेश दिनसक्छ भने पुनरावेदन निरर्थक देखिएमा खारेज गरिदिन सक्दछ ।

**सूचनाको हक कार्यान्वयनमा लापरबाही वा बेवास्ता भएमा कानुनी कारबाहीको सामना गर्नुपर्ने मात्र नभई यसले संस्थाको सार्वजनिक प्रतिष्ठामा समेत नकारात्मक असर गर्दछ । साथै, संवैधानिक र कानुनी दायित्वको पालना नगर्ने सम्बन्धित निकायका प्रमुख तथा सूचना अधिकारीको व्यक्तिगत तथा पेसागत छविमा समेत गम्भीर असर पर्नसक्ने देखिन्छ ।**

## ३. सूचना नदिए के हुन्छ ?

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ मा सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिब कारण विना सूचना नदिएको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैँयासम्म जरिवाना गरी विभागीय सजायको लागि सम्बन्धित निकायमा पठाउन सक्ने व्यवस्था रहेको छ । त्यस्तै, आयोगले ऐन बमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई दस हजार रुपैँयासम्म जरिवाना गर्न सक्ने व्यवस्था छ ।

यसरी हेर्दा, सूचनाको हक कार्यान्वयनमा लापरबाही वा बेवास्ता भएमा कानुनी कारबाहीको सामना गर्नुपर्ने मात्र नभई यसले संस्थाको सार्वजनिक प्रतिष्ठामा समेत नकारात्मक असर गर्दछ । साथै, संवैधानिक र कानुनी दायित्वको पालना नगर्ने सम्बन्धित निकायका प्रमुख तथा सूचना अधिकारीको व्यक्तिगत तथा पेसागत छविमा समेत गम्भीर असर पर्नसक्ने देखिन्छ ।

## ४. निष्कर्ष

नेपालको संविधान २०७२ को धारा २७ मा प्रत्येक नागरिकलाई कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना बाहेक आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको छ । नेपाल राष्ट्र बैंक एउटा सार्वजनिक निकाय भएकाले बैंकको कामकारवाहीसँग सम्बन्धित सूचना माग गर्न आउने नागरिकलाई समयमा नै त्यस्तो सूचना उपलब्ध गराउनु संवैधानिक र कानूनी दायित्व हुन आउँछ ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकले सकारात्मक प्रयास गर्दै आएको छ । बैंकका गतिविधि, नीतिगत निर्णय, तथ्याङ्क तथा विवरण नागरिकसम्म पुँर्याउन वेबसाइट तथा बैंकको सामाजिक सञ्जालमार्फत सूचना तथा जानकारीको नियमित सम्प्रेषण गरिरहेको छ । सरोकारवाला र सूचना अधिकारीबीचको सम्पर्कलाई सहज र सुलभ गर्न इमेल ठेगाना र मोबाइल नम्बर वेबसाइटमा सार्वजनिक गरिएको छ । सूचना अधिकारीको व्यस्तता वा अनुपस्थितिमा समेत सूचना प्रवाह नियमित गर्न सहायक सूचना अधिकारीको व्यवस्था गरिएको छ । नागरिकको सूचनाको पहुँचलाई विस्तार गर्न प्रत्येक प्रदेशस्थित कार्यालयमा सूचना अधिकारी तथा विभागीयस्तरमा सम्पर्क अधिकारी (RTI Focal Person) तोकिएको छ । यसैगरी, सूचनाको हक सम्बन्धी निवेदनउपर प्रभावकारी कार्य गर्न सूचना तथा सञ्चार महाशाखा अन्तर्गत छुट्टै जनसम्पर्क इकाई रहेको छ ।

कुनै पनि संस्थाका लागि सूचनाको हकको कार्यान्वयन केवल कानुनी दायित्व मात्र नभई नागरिकलाई यथार्थ सूचना प्रवाहमार्फत जनविश्वास, पारदर्शिता एवम् जवाफदेहिता अभिवृद्धि गर्ने अवसर पनि हो । यसका लागि बैंकले हाल गरिरहेको अभ्यासलाई थप प्रविधिमैत्री बनाउँदै लैजानु आवश्यक छ ।

आजको कृत्रिम बौद्धिकता(एआइ) को युगमा सर्वसाधारणलाई विना झन्झट र छिटोछरितो सूचना उपलब्ध गराउन **'च्याटबट'** जस्ता एआइमा आधारित प्रविधिको प्रयोग गर्नु प्रभावकारी हुने देखिन्छ । यसले सूचनाको पहुँच विस्तार गर्नेमात्र नभई नागरिकसँगको अन्तरक्रिया सुलभ बनाउँछ । त्यसैगरी, आकस्मिक परिस्थितिमा तत्काल, स्पष्ट र आधिकारिक सूचनाको प्रवाह सुनिश्चित गर्न Crisis Communication Center स्थापना गर्नु आवश्यक देखिन्छ । सूचनाको हक प्रयोग गरी प्राप्त हुने निवेदनको व्यवस्थापनका लागि वेबसाइटमा आधारित **'सूचना व्यवस्थापन पोर्टल'** निर्माण गर्नु पनि उपयुक्त हुन्छ, जसले सूचनाको प्राप्ति, ट्र्याकिङ र वितरण प्रक्रियालाई थप सरल र व्यवस्थित बनाउन सक्ने देखिन्छ ।

## सन्दर्भसूची:

१. नेपालको संविधान, २०७२
२. सूचनाको हक सम्बन्धी ऐन, २०६४
३. वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५
४. सूचनाको हक सम्बन्धी नियमावली, २०६५
५. नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७
६. नेपाल राष्ट्र बैंक विद्युतीय सूचना व्यवस्थापन एकीकृत कार्यविधि, २०७८ ।

**Major Financial Indicators**

as on Chait End, 2081 (Mid-Apr, 2025)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 107.34 | 10.69 | 2.24 | 120.26 |
| 2 | Total Credit/GDP | 86.12 | 9.14 | 1.80 | 97.06 |
| 3 | Total Credit/ Total Deposit** | 80.24 | 85.54 | 80.45 | 80.71 |
| 4 | CD Ratio* | 78.89 | 85.10 | 79.63 | 79.45 |
| 5 | Fixed Deposit/Total Deposit | 50.09 | 53.55 | 65.34 | 50.68 |
| 6 | Saving Deposit/Total Deposit | 35.70 | 36.94 | 24.18 | 35.60 |
| 7 | Current Deposit/Total Deposit | 6.28 | 2.17 | 1.35 | 5.82 |
| 8 | Call Deposit/Total Deposit | 7.15 | 7.22 | 9.06 | 7.19 |
| 9 | NPL/ Total Loan^ | 5.05 | 5.56 | 13.04 | 5.24 |
| 10 | Total LLP /Total Loan | 5.18 | 5.29 | 11.37 | 5.30 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.60 | 7.12 | 5.47 | 5.74 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.26 | 6.14 | 8.40 | 7.18 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 17.47 | 14.23 | 12.21 | 17.08 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.67 | 22.42 | 26.55 | 25.40 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.52 | 10.20 | 10.45 | 9.59 |
| 2 | Total Capital/RWA | 12.35 | 12.81 | 12.71 | 12.39 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,083 | 1,132 | 291 | 6,506 |
| 3 | No. of Deposit Accounts | 50,374,794 | 7,443,678 | 956,008 | 58,774,480 |
| 4 | No.of Loan Accounts | 1,621,901 | 273,300 | 45,687 | 1,940,888 |
| 5 | No. of Branchless Banking Centers | 957 | 17 | - | 974 |
| 6 | No. of Branchless Banking Customers | 288,166 | 1,195 | - | 289,361 |
| 7 | No. of Mobile Banking Customers | 23,150,177 | 3,578,061 | 283,764 | 27,012,002 |
| 8 | No. of Internet Banking Customers | 1,563,870 | 592,070 | 17,806 | 2,173,746 |
| 9 | No. of ATMs | 4,877 | 344 | 41 | 5,262 |
| 10 | No. of Debit Cards | 12,313,034 | 1,202,549 | 73,642 | 13,589,225 |
| 11 | No. of Credit Cards | 310,189 | 3,034 | - | 313,223 |
| 12 | No. of Prepaid Cards | 232,650 | 3,924 | - | 236,574 |

| | | |
|---|---|---|
| **E. Interest Rate(%)** | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.45** |
| | (a) Saving | 3.39 |
| | (b) Fixed | 6.10 |
| | (c) Call | 1.23 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **8.22** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2081/82 (2024/25)

$$*\text{CD Ratio} = \frac{\text{Total Credit}}{\text{Total Deposit} + \text{Debentures not designated for capital fund} + \text{NRB Refiance loan} + \text{FCY loan more than or equal to 1 year} - \text{Interbank Deposit}}$$

$$**\text{Total Credit / Total Deposit} = \frac{\text{Total Credit}}{\text{Total Deposit}}$$ (As per balance sheet)

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा विभिन्न तालिम कार्यक्रम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले वैशाख २१ देखि २३ गतेसम्म भक्तपुरको बोडेमा 'Coin Design, Engraving and Modelling' विषयक तालिम कार्यक्रम सम्पन्न गर्‍यो। बैंकमा सिक्का डिजाइनमा दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ ९ वटा सत्रमा सञ्चालित तालिम कार्यक्रममा २३ जनाको सहभागिता रहेको थियो।

त्यसै गरी, केन्द्रले वैशाख २४ देखि २६ गतेसम्म 'Financial Inclusion and Financial Literacy ' विषयक अधिकृत/सहायकस्तरीय तालिम कार्यक्रम सम्पन्न गरेको छ। बैंकका १३ जना अधिकृत तथा १७ जना सहायक कर्मचारीको सहभागितामा तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। वित्तीय समावेशीकरण र साक्षरताको ऐतिहासिक पृष्ठभूमि, नेपालको वर्तमान अवस्था, वित्तीय समावेशीकरण नीतिहरू, रणनीतिहरू, कार्यान्वयन तथा अनुगमन प्रक्रियालगायत वित्तीय समावेशिता तथा साक्षरतामा बैंकको भूमिकासम्बन्धी जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको केन्द्रले जनाएको छ। ■

# आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट बढुवा

२०८१ असारमसान्तसम्ममा रिक्त रहेका प्रशासन सेवातर्फका पदमा लोकसेवा आयोगबाट लिइएको आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट वैशाख ६ गते कर्मचारीहरूको पदोन्नति गरिएको छ। सहायक निर्देशकहरू अमिष ढुङ्गेल, निकिता कायष्ठ, सोमराज नेपाली, विनोद बजगाईं र निक्की महर्जन उप निर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनुभएको छ। यसै गरी प्रधान सहायकहरू तुलसीराम बानियाँ, पार्वती भट्ट पन्त, मनबहादुर राई, गीता पोखेल लम्साल, अनिष गुरागाईं, हरिलाल भट्ट र ओमनाथ दाहाल सहायक निर्देशक (अधिकृत तृतीय) पदमा बढुवा हुनुभएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछ। ■

# कर्मचारी अवकाश

वित्तीय संस्था सुपरिवेक्षण विभागका उप निर्देशक कीर्तिविक्रम दाहालले वैशाख २ गते र पोखरा कार्यालयका सहायक निर्देशक ज्ञाज शर्माले वैशाख २९ गतेदेखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको हो। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
सविन ओली
वन्दना दाहाल
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल